बैठक संख्या : २३

मिति:२०७८/०१/२४

## DCCMC, गुल्मीको बैठकका निर्णयहरु ।

१. नयाँ भेरियन्ट सहितको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि हालसम्म भएका कार्यहरुको समीक्षा गरियो । आजको मिति सम्म ११ बजे सम्मको रेकर्ड बमोजिम यस जिल्लामा ४७६ सकृय संक्रमित रहेका, १५ जनाको मृत्यु भएको तथा ४७६ होम आइसोलेसनमा रहेका छन् । मृत्यु भएका मध्ये १ जनाको नेपाली सेनाबाट शव व्यवस्थापन भएको छ भने अन्य १४ आफन्तहरुले व्यवस्थापन गरेका छन् । हालसम्म गुल्मी अस्पतालमा ५ वेड, रेसुङ्गा न.पा.-२०, मुसिकोट न.पा.-१५, मालिका गा.पा.-५, मदाने गा.पा.-१०, धुर्कोट गा.पा.-५, कालिगण्डकी गा.पा.-१०, चन्द्रकोट गा.पा.-१९, सत्यवती गा.पा.-११, रुरुक्षेत्र गा.पा.-९, छत्रकोट गा.पा.-६, ईश्मा गा.पा.-२० र गुल्मीदरवार गा.पा.- ५ गरी जम्मा १४० आइसोलेसन बेड तयार भई संचालनमा रहेका छन् ।

२. संक्रमणको दर वृद्धि हुँदै गएकोले अक्सिजनसहित हाल रहेको आइसोलेसन वेड संख्या वृद्धि गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

३. गुल्मी अस्पतालको वेड संख्या कमी भएकोले कम्तीमा २५ वेड क्षमताको विस्तार गर्न पहल गर्ने ।

४. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ गतेको निर्णयानुसार पालिका तथा निजी, सामुदायिक अस्पतालबीच सम्झौता गरी कार्य संचालन गर्ने भनी निर्णय भए बमोजिम रेसुङ्गा न.पा. र रेसुङ्गा अस्पताल बीच सम्झौता गरी तत्काल २५ बेड क्षमताको कोभिड अस्थायी अस्पताल बनाउन अनुरोध गर्ने ।

५. जिल्लामा अक्सिजन सिलिण्डरको कमी भएकोले पर्याप्त मात्रामा आपूर्तीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा प्रदेश सरकारमा अनुरोध गर्ने ।

६. स्वास्थ्य कार्यालय, गुल्मीले स्थानीयतहसँग समन्वय गरी परीक्षणको दायरा बढाउने ।

७. मिति २०७८/०१/१६ गतेको DCCMC को निर्णयानुसार वडा अध्यक्षको संयोजकत्वमा गठन हुने भनिएको टोलीले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि लक्षण देखिएका बिरामीहरुको उपचारको लागि नजिकको आइसोलेसन सेन्टरमा पुर्याउन पहल गर्ने ।

८. सबै पालिकाको जोखिमयुक्त क्षेत्रमा परीक्षण केन्द्र तोकी लक्षण देखिएका बिरामीलाई परीक्षण गर्ने व्यवस्था मिलाउन पालिकालाई अनुरोध गर्ने र यसको संयोजन स्वास्थ्य कार्यालयले गर्ने ।

९. मिति २०७८/०१/१८ देखी २०७८/०१/२५ गते राती सम्म लगाइएको निशेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेकोले मिति २०७८ बैशाख २५ गते राती १२ बजेदेखि २०७८ जेष्ठ ४ गते राती १२ बजेसम्म निरन्तरता दिने ।

१०. निशेधाज्ञा अवधिभर देहाय बमोजिम गर्ने ।

देहाय:

क. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

बैठक संख्या : २३

मितिः२०७८/०१/२४

**DCCMC, गुल्मीको बैठकका निर्णयहरु ।**

ख. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

ग. विद्यालय, शिक्षालय, तालिमकेन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

घ. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।

ङ. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने तर गुल्मी जिल्ला भएर अन्य निषेधाज्ञा जारी नभएका जिल्ला जाने सवारीसाधनहरु गुल्मी जिल्लामा यात्रु ओराल्न र चढाउन नपाउने गरी संचालन गर्न दिने। निर्माण तथा खाद्यसामाग्रीका सवारी साधनमा चालक तथा सहचालक मात्र रहन पाउनेछन् ।

च. विवाह, व्रतवन्ध एवम् अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई **१५** जना भन्दा बढी सहभागि हुन नपाइने ।

छ. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ९.०० वजेसम्म मात्र संचालन गर्न पाउने । ~~होटल तथा रेष्टुरेन्टहरुले विहान १०.०० वजेबाट दिउसो १२.०० वजेसम्म मात्र टेक अवे सेवा संचालन गर्ने।~~

ज. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने । अत्यावश्यक बाहेकका कार्यालयमा न्यूनतम कर्मचारीबाट कामहरु गर्ने ।

झ. अत्यावश्यकीय तथा मानवीय कार्यका लागि बाहेक बैंक तथा वित्तिय संस्था (बिमा कम्पनी, सहकारी समेत) को सेवा बन्द गर्ने ।

ञ. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

ट. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

बैठक संख्या : २३

मिति:२०७८/०१/२४

## DCCMC, गुल्मीको बैठकका निर्णयहरु ।

ठ. जिल्लामा हाल उपलब्ध रहेका एम्बुलेन्सहरु सञ्चालनका लागि सम्बन्धीत स्थानीय तह तथा निकायहरुले तयारी अवस्थामा राखी कुनै पनि अवरोध नहुने गरी संचालनको व्यवस्था मिलाउने ।

ड. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने ।

ढ. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।